मिति : २०७४ साल पौष १२ गते
समय : दिनको १.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : धनकुटा नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १० बमोजिम नगर कार्यपालिकाको आठौं बैठक

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग दस्तखत

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | दस्तखत |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | दस्तखत |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | दस्तखत |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | दस्तखत |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | दस्तखत |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | दस्तखत |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | दस्तखत |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | दस्तखत |
| १० | वडाध्यक्ष | श्री मनोज राय | दस्तखत |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | अनुपस्थित |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | दस्तखत |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | दस्तखत |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य राई | दस्तखत |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | दस्तखत |
| २० | सचिव | श्री टीकादत्त राई | दस्तखत |

छलफलका विषयहरु:

१. योजना सम्झौता, बजेट कार्यान्वयन तथा प्रगति विवरणको समीक्षा सम्बन्धमा ।
२. व्यक्तिगत घटना दर्ता अनलाईन सेवा व्यवस्थापन सम्बन्धमा ।
३. विभिन्न योजना तथा आर्थिक सहायतामाा भएको खर्च अनुमोदन सम्बन्धमा ।
४. राजमार्ग सडक अधिकार क्षेत्रको Shed Back मा घरनक्सापास सम्बन्धमा ।
५. भवन निर्माणको लागि FAR : Floor Area Ratio सम्बन्धमा
६. विषयगत कार्यालयहरुको योजना संचालन सम्बन्धमा ।
७. नगर प्रोफाईल तयारी सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

निर्णय नं. १

धनकुटा नगर कार्यपालिकाको चालु आर्थिक बर्षको लागि स्वीकृत रु. ४६,१०,४७,००० बजेट तथा कार्यक्रमको प्रथम चौमासिक अवधिमा भएको खर्च प्रतिवेदन पेश भई छलफल गरियो । स्वीकृत कार्यक्रम अनुसार सम्पन्न भएका योजना तथा कार्यक्रम एवम् नियमित प्रशासनिक कार्यमा भएको तपसिल बमोजिमको कुल खर्च रकमलाई अनुमोदन गरी चालु बर्षमा गर्नु पर्ने योजना तथा कार्यक्रमहरुलाई शिघ्रतापूर्वक कार्य सम्पन्न गर्ने गराउने निर्णय गरियो ।

तपसिल :
१. विषयगत कार्यालय सहितको चालु खर्च रु. ८,८९,९५,०००।-
२. पूँजिगत खर्च रु. २,२२,०५०५५।-

निर्णय नं. २
धनकुटा नगर क्षेत्रमा वडा कार्यालयबाट अनलाईन व्यक्तिगत घटना दर्ता प्रणाली २०७४ साल मंसिर १ देखि थालनी भएको सेवा प्रवाह प्रकृया वर्तमान समयको माग र आवश्यकक्तानुसार जनमुखी एवम् प्रविधिमैत्री भएकाले सेवा प्रवाहका लागि आवश्यक पर्ने इन्टरनेट क्षमता तथा मेसिनरी सामाग्रीको व्यवस्थापन गरी प्रभावकारी बनाउने निर्णय गरियो ।

निर्णय नं. ३
धनकुटा नगर कार्यपालिकाको कार्यालयमा विभिन्न मितिमा तपसिलका संस्था तथा व्यक्तिहरुले पेश गरेको प्रस्ताव तथा निवेदनहरुको आधारमा श्रीमान प्रमुखज्यूको आदेशानुसार तत्काले गर्नु पर्ने योजना तथा कार्यक्रमहरु र आर्थिक सहायतामा भएको देहायको खर्चहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

**क. अनुमोदन गरिएका योजना तथा कार्यक्रमहरु**

| क्र.स. | कामको विवरण | प्रस्तावको मिति | खर्च भएको लागत रकम रु. |
|---|---|---|---|
| १ | मुलघाट प्रहरी चौकी कम्पाउण्ड वाल लगाउने | २०७४।८।४ | ७,००,०००।- |
| २ | गुम्वा झर्ने सिंढी निर्माण कार्य | २०७४।८।४ | २,८१,१००।- |
| ३ | जे.सि.बि. लगाई सडक सफा गर्ने धनपा ९ झोलुङे पुल सम्म | २०७४।७।२० | ३६,७२५।- |
| ४ | जे.सि.बि. लगाई सडक सफा गर्ने धनपा ३ क्षेत्र | २०७४।७।१७ | १,४१,२५०।- |
| ५ | जे.सि.बि. लगाई सडक सफा गर्ने धनपा २, भिरगाउँ | २०७४।८।०५ | २,२६,०००।- |
| ७ | सल्लेरी व्यारेकको मुल गेट देखि परेड गाउण्ड सम्म १५० मिटर बाटो निर्माण साझेदारी | प.स. ६११२/क्यू/१३/२०७४/७५/३ | १५० बोरा सिमण्ट |
| ८ | धनकुटा जिल्लामा समेत क्रिकेट खेल संचालन गर्न खेल सामाग्री खरिद तथा व्यवस्थापन गर्न | मिति २०७४।८।१० को पत्र | १,००,०००।- |
| ९ | जे.सि.बि. लगाई सडक सफा गर्ने कार्य, धनपा १, हरियाली टोल | | १,०५,९३७।५० |
| १० | जे.सि.बि. लगाई सडक सफा गर्ने कार्य धनकुटा न.पा. ९ बेलहारा | | १,०८,७६२।५० |
| ११ | | | ३,००,०००।– |
| १२ | धनकुटा न.पा. ६ स्थित विभिन्न सडक सरसफाई (गोठ गाउँ पात्ले खोला, सल्लेरी बरबोटे, सरस्वती मार्ग लगायत) | | ८४,७५०।– |
| १३ | धनकुटा न.पा. ७ र ८ स्थित घुमाउने चौतारा टेकुनाला जनता प्रा.वि. सडक सरसफाई | | १,५०,०००।– |
| १४ | जे.सि.बि. लगाई सडक सफा गर्ने कार्य धनकुटा न.पा. १० हिले छिन्ताङ | २०७४।७।२७ | ५०८५०।- |
| १५ | ५ नं. वडाका विभिन्न सडकमा जे.सि.बि. लगाई सडक सफा गर्ने कार्य | २०७४।६।२९ | १८३७५।- |
| १६ | विहिवारे हटिया भिरगाउँ सडक तथा अन्य सडकहरुमा जे.सि.बि. लगाई सडक सफा गर्ने कार्य धनकुटा न.पा. ४ | २०७४।६।२९ | १,४१,२५०।- |
| १७ | जे.सि.बि. लगाई त्रिवेणी याक्चना तथा अन्य विभिन्न सडक सफा गर्ने कार्य धनकुटा न.पा. ८ | २०७४।६।२९ | ९९,७५०।- |

**ख. अनुमोदन गरिएका आर्थिक सहायता रकम :**

| क्र.स. | नामथर | निवेदन पेश भएको मिति | भूक्तानी भएको रकम |
|---|---|---|---|
| १ | देबन्द्र बहादुर राई | २०७४।५।१० | ५,०००।- |
| २ | धनकुटा बहिरा संघ | २०७४।५।३० | १०,०००।- |
| ३ | सोम बहादुर राई, धनकुटा न.पा. ५ | २०७४।६।२९ | १०,०००।- |
| ४ | असोक राई, धनकुटा न.पा. ७ | २०७४।६।२९ | २०,०००।- |
| ५ | इश्वर बहादुर श्रेष्ठ, धनकुटा न.पा. ७ | २०७४।६।२९ | १५,०००।- |
| ६ | द सेभेन युथ क्लव धनकुटा ७ | २०७४।७।१६ | २०,०००।- |
| ७ | राधिका राई, धनकुटा न.पा. ७ | २०७४।७।२४ | १०,०००।- |
| ८ | धनकुमार राई, धनकुटा न.पा. ८ | २०७४।७।३० | ५०००।- |
| ९ | यज्ञ बहादुर भण्डारी, धनकुटा | २०७४।७।३० | ५०००।- |
| १० | सुनिता भण्डारी धनकुटा न.पा. ९ | २०७४।८।०१ | ५००००।- |
| ११ | दिलकुमार तामाङ, धनकुटा न.पा. ३ | २०७४।८।०४ | १०,०००।- |

निर्णय नं. ४

सडक ऐन, २०३१ र सडक नियमावली, २०३४ अनुसार कोशी राजमार्गको (रानी-विराटनगर-धरान-धनकुटा-हिले खण्ड) जोगवानी देखि हिले पुच्छरसम्मको सडकको सडक अधिकार क्षेत्र केन्द्र रेखाबाट दुवै तर्फ २५/२५ मिटर भएको साथै सेट ब्याक ६ मिटर रहेकोमा सो क्षेत्रका बासिन्दाबाट सेड ब्याक क्षेत्रमा समेत संरचना निर्माण गर्न अनुमिति माग भएको विषयलाई आत्मसात् गर्दै यस धनकुटा नगर क्षेत्र भित्र राजमार्ग आसपासमा भवन निर्माण गर्दा केन्द्र रेखाबाट २५ मिटर छाडेर तोकिएको सेड ब्याक (६ मिटर) मा पछि कुनै पनि सरकारी निकायबाट संरचना निर्माण तथा सडक विस्तार भएमा निशर्त निर्मित संरचना हटाउने गरी संरचना निर्माण गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.५

धनकुटा नगरपालिका क्षेत्रमा निर्माण भैरहेका भवन तथा संरचनाहरु नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७२।६।१३ मा स्वीकृत वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड, २०७२ अनुसार भइरहेकोमा यस धनकुटा नगरपालिका क्षेत्र भित्र निर्माण हुने व्याक्तिगत घर (भवन) हरुको लागी FAR : Floor Area Ratio (भवनको कुल प्लिन्थ क्षेत्रफल र जम्मा जग्गाको क्षेत्रफलको अनुपात) ३.२५ कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

चालु आर्थिक बर्षको लागि स्वीकृत पूँजिगत कार्यक्रम तर्फ आर्थिक विकास अन्तरगत बजेट क्र.स. २.३ ब.सि.नं. १०१० पशु विकास र कृषी विकास कार्यक्रम (विषयगत कार्यालय) मा विनियोजित बजेट मध्येबाट तपिसल बजेट स्वीकृत गरी कार्यक्रम संचालनको लागि आवश्यक कार्य प्रणाली तयार गरी कार्यक्रम संचालित सम्बद्ध वडा कार्यालयहरुसंग समन्वय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :

१. जिल्ला कृषि विकास कार्यालय धनकुटाको च.न. ३४९ मिति २०७४।८।०४ गतेको पत्रसाथ पेश भएको चालु आर्थिक बर्षको लागि प्रस्ताव भएको दोश्रो चौमासिकको कार्यक्रमहरु संचालनको लागि रु. १०,००,०००।- (दश लाख) ।

२. जिल्ला पशु सेवा कार्यालय धनकुटाको च.न. १२७ मिति २०७४।७।१९ को पत्रसाथ पेश भएको चालु आर्थिक बर्षको लागि प्रस्ताव भएको पहिलिा र दोश्रो चौमासिकको कार्यक्रमहरु संचालनको लागि रु. १०,००,०००।- (दश लाख) ।

निर्णय नं. ७

धनकुटा नगरपालिकाको एकीकृत शहरी विकास कार्यक्रम तयारीको लागि आवश्यक नगर पार्श्व चित्र तयारीको लागि धनकुटा नगर कार्यपालिकाको कार्यालय र कमिटेड नेपाल बीच मिति २०७४।८।२९ मा सम्झौता भईसकेकोले नगर बस्तुगत विवरण तयारी कार्यविधि, २०७४ को आधारमा धनकुटा नगर प्रोफाईल तयारी समिति तपसिल बमोजिम गठन गरियो ।

तपसिल :

१. संयोजक : प्रमुख श्री चिन्तन तामाङ
२. सह संयोजक : उपप्रमुख श्री शकुन्तला बस्नेत
३. सदस्य : वडा नं. १ देखि १० सम्मका वडाध्यक्षहरु
४. सदस्य : शाखा प्रमुखहरु/ विषयगत शाखा प्रमुखहरु
५. सदस्य : विकास साझेदार संस्थाहरु
६. सदस्य : गैसस प्रतिनिधि
७. सदस्य : जिल्ला तथ्याङ्क कार्यालय धनकुटा
८. सदस्य : कमिटेड नेपाल, काठमाडौंले तोकेको प्रतिनिधि
९. सदस्य सचिव : सूचना प्रमुख (प्रबन्धक श्री नुषराज श्रेष्ठ)

निर्णय नं. ८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा २ अनुसारको कार्यहरु प्रचलित कानूनसमेतको आधारमा नियमित कार्य सम्पादन गर्न गराउन सबै वडा समिति कार्यालयहरुलाई अधिकार दिने र यस अगाडि भए गरेका कार्यहरुलाई यसै बमोजिम अधिकार प्राप्त भएको कायम गर्ने समेत निर्णय गरियो ।

निर्णय नं. ९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम धनकुटा नगर क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नका लागि तपसिलको न्यूनतम दररेट निर्धारण सिफारिस समिति गठन गरियो ।

तपसिल :

१. संयोजक : श्री मदन बसेल
२. सदस्य : धनकुटा उद्योग बाणिज्य संघले तोकेको प्रतिनिधि ।
३. सदस्य : निर्माण व्यवसायी संघले तोकेको प्रतिनिधि ।
४. सदस्य : ढुवानी व्यवसायी संघले तोकेको प्रतिनिधि ।
५. सदस्य : क्युपेक नेपाल हिलेको प्रतिनिधि ।
६. सदस्य सचिव : योजना शाखा प्रमुख

निर्णय नं. १०

धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट प्रवाह गरिने सेवा प्रवाह प्रणालीलाई थप व्यवस्थीत बनाउन एवम् क्षेत्रगत रुपमा योजनाबद्ध विकासको लागि आवश्यक अध्ययन अनुसन्धान प्रकृयालाई थालनी गर्न तपसिलका कार्य अगाडि बढाउन नगर प्रमखलाई अधिकार दिने निर्णय गरियो ।

तपसिल :

१. प्रमुखको सचिवलाय स्थापना गरी आवश्यक जनशक्ति सेवा करारमा व्यवस्थापन गर्न ।
२. नगर कार्यपालिकाको लागि आवश्यक कानून निर्माण, न्यायिक समितिको कार्य सञ्चालनमा सहजीकरण र नगर कार्यपालिकाको कार्यमा कानूनी राय तथा परामर्शको लागि कानूनी परामर्श सेवा करारमा लिने ।
३. नगर क्षेत्रमा रहेको कृषि क्षेत्रमा व्यसायीक रुपमा नगदेबाली उत्पादनको लागि माटो तथा अनूकुल हावापानी परीक्षण, कृषि उत्पादन तथा व्यवसायीकरणको लागि आर्थिक तथा सामाजिक अवसरहरुको अध्ययन, अनुसन्धान तथा बिश्लेषणसहित अन्य आवश्यक परामर्शको लागि कृषि विशेषज्ञ सेवा करारमा लिने ।

निर्णय नं. ११

सन् २००८ जुलाई देखि नेपालभर सञ्चालनमा रहेको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तरगत सामाजिक परिचालन कार्यक्रम नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्णयानुसार २०७४ पौष १७ गते देखि समाप्ती (Phase Out) हुने भएकाले यस कार्यक्रम अन्तरगत हाल कायम भएको १० (दश) वडामा कार्यरत सामाजिक परिचालकहरुले वडामा सामुदाय परिचालन कार्यक्रम अतिरिक्त वडाको दैनिक प्रशासनिक कार्यको समेत जिम्मेवारी बहन गरी वडा कार्यालयबाट प्रवाह हुने सेवाको सहजता भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था अनुसार जन सरोकारको महत्वपूर्ण कामहरु वडाबाटनै सम्पादन हुने भएको र हाल स्थानीय तहमा कर्मचारी समायोजन भई नसकेको अवस्थामा

प्रत्येक वडामा कार्यरत सामाजिक परिचालकहरुलाई सेवाबाट अलग गर्दा वडा कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवामा कठिनाई सिर्जना हुने तथा हालसम्म वडास्तरमा सकृय रहेको सामाजिक पूँजीको रुपमा रहेको सामुदायिक संस्थाहरु (वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र) परिचालनमा समस्या तथा अन्यौल सिर्जना हुने भएकाले हाल यस नगरपालिका अन्तरगत संचालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तरगतको सामाजिक परिचालन कार्यक्रम आगामी २०७५/७६ को नगर सभाबाट पारित हुने कार्यक्रम निर्णय हुँदा चालु बर्ष २०७४/७५ को बार्षिक कार्यक्रममा यस नगरपालिकामा संचालित सामाजिक परिचालनलाई मिति २०७४।९।१८ देखि २०७५ असार मसान्त सम्मका लागि छुट्टै कार्यक्रम स्वीकृत गरी निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १२

नगर कार्यपालिकाको कार्यालय अन्तरगत सञ्चालित योजना तथा कार्यक्रमहरुको स्थलगत अनुगमनलाई नियमित तथा प्रभावकारी बनाउन वडा कार्यालयबाट नियमित एवम् प्रभावकारी रुपमा अनुगमन गर्ने र नगरस्तरीय अनुगमनको लागि आवश्यक अनुगमन संयन्त्रलाई थप संस्थागत गरी कार्य योजना सहित अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

नगर कार्यपालिकाको कार्यालयमा प्राप्त भएका विभिन्न माग र प्रस्तावहरुलाई अध्ययन गरी नगरको विकासको लागि आवश्यकक्ता, औचित्यता र बजेटको उपलव्धता समेतलाई आधारमानी कार्यान्वयन गदै लैजाने निर्णय गरियो ।